# विवाह गराउने अधिकारीहरूका लागि कानुनी विवाहको जाँचसूची

**विवाहअघि:**

_____ के तपाईंले भर्मोन्टमा विवाह गराउन कानुनी रूपमा अधिकार पाउनुभएको छ ?

- **यदि तपाईं न्यायाधीश वा न्याय प्रशासनको कर्मचारी हुनुहुन्छ भने** तपाईंले अनिवार्य रूपमा पदको शपथ लिएको हुनुपर्छ र तपाईंले अनिवार्य रूपमा आफ्नो पदावधिमा विवाह गराउनु पर्छ ।
- **यदि तपाईंले अस्थायी अधिकारीको रूपमा सेक्रेटरी अफ स्टेटमा दर्ता गराउनुभएको छ भने** तपाईंले सेक्रेटरी अफ स्टेटसमक्ष पेस गर्नुभएको दर्ता फाराममा खुलाइएको विवाह गराउन तपाईंलाई अधिकार दिइनेछ । त्यस किसिमका विवाह सम्पन्न गराउने तपाईंको अधिकार सम्बन्धित अनुमतिपत्र समाप्त हुने समयमै समाप्त हुनेछ । अस्थायी विवाह गराउने अधिकारी बन्नको लागि दर्ता गर्ने बारेमा जानकारी प्राप्त गर्न https://sos.vermont.gov/ मा जानुहोस् वा 802-828-2363 मा फोन गर्नुहोस् ।
- **यदि तपाईं चर्चको पादरी हुनुहुन्छ *र भर्मोन्टमा बसोबास गर्नुहुन्छ*** भने तपाईंले अनिवार्य रूपमा आफ्नो धार्मिक सम्प्रदायबाट पादरीको नियुक्ति, अनुमतिपत्र वा आधिकारिक स्वीकृति लिएको हुनुपर्छ ।
- **यदि तपाईं चर्चको पादरीको हुनुहुन्छ *तर भर्मोन्टटको बासिन्दा हुनुहुन्न*** भने तपाईं जोडिएको राज्य वा काउन्टी मा बसोबास नगर्दासम्म र तपाईंको चर्च, मन्दिर, मस्जिद वा अन्य धार्मिक संस्था पूर्ण वा आंशिक रूपमा भर्मोन्टमा नपर्दासम्म तपाईंले धार्मिक कार्य गराउने काउन्टीको भर्मोन्ट प्रोबेट अदालतबाट विशेष अधिकार प्राप्त गरेको हुनैपर्छ । अन्य विवरणका लागि प्रोबेट अदालतलाई सम्पर्क गर्नुहोस् ।

_____ के यी व्यक्तिहरू भर्मोन्टको कानुनअनुसार विवाह गर्न योग्य छन् ?

_____ **के दुवै व्यक्तिहरूले** *भर्मोन्टको अनुमतिपत्र र कानुनी विवाहको प्रमाणपत्रको* 15a-16b मा ***हस्ताक्षर गरेर मिति लेखेका छन्*** **र के विवाहको मिति अनुमतिपत्रमा " ______ बाट_____सम्म मान्य" मितिहरूभित्र पर्नेछ ?**

**विवाहपछि:**

_____ टाइपराइटर प्रयोग गरेर वा **नमेटिने स्थायी किसिमको कालो मसीमा** स्पष्ट अक्षरमा लेखेर विवाह गराउने अधिकारी खण्ड (18a-g) भर्नुहोस् ।.

| **विवाह गराउने अधिकारी**<br>यस अनुमति पत्रअनुसार विवाह गराउन विधिवत अधिकार प्राप्त कुनै पनि व्यक्तिले माथि नाम दिइएका पक्षमध्ये भर्मोन्टमा मात्र विवाह गराउन अधिकार पाउँछ। | |
|---|---|
| **18a. म यो प्रमाणित गर्छु कि माथिका व्यक्तिहरूको विवाह** (महिना, दिन, वर्ष) **मा भएको थियो ।** | **18b. कहाँ विवाह भएको – सहर वा नगर** |
| **18c. धार्मिक कार्य गर्ने व्यक्तिको हस्ताक्षर** | **18d. पद** |
| **18e. नाम** (टाइप गर्नुहोस्/स्पष्ट अक्षरमा लेख्नुहोस्) | **18f. टेलिफोन नम्बर** |
| **18g. धार्मिक कार्य गर्ने व्यक्तिको पत्राचार ठेगाना** (नम्बर र सडक, सहर वा नगर, राज्य, जिप कोड) | |

**18a**. विवाह गरेको मिति (विशेषगरी सङ्ख्याको सट्टामा महिनाको नाम लेख्नुहोस् (जस्तै 7/10/21 नलेखिकन जुलाई 10, 2021 लेख्नुहोस्)

**18b**. धार्मिक कार्य सम्पन्न भएको सहर/नगरको नाम (लागू भएमा सहर वा नगर खुलाउनुहोस्)

**18c**. तपाईंको हस्ताक्षर

**18e**. स्पष्ट अक्षरमा तपाईंको पूरा नाम

**18d**. तपाईंको पद (जस्तै अस्थायी विवाह गराउने अधिकारी, मिनिस्टर, पादरी, रब्बी, जस्टिस अफ पिस आदि)

**18f**. तपाईंलाई सम्पर्क गर्न सकिने उचित फोन नम्बर

**18g**. तपाईंको पत्राचार ठेगाना

_____ यदि तपाईंले आफूलाई अस्थायी विवाह गराउने अधिकारीको रूपमा सेक्रेटरी अफ स्टेटमा दर्ता गराउनुभएको छ भने अधिकार प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि हस्ताक्षर गरिएको अनुमतिपत्रमा संलग्न गराएको हुनुपर्छ र जारी गर्ने नगरको क्लर्कको कार्यालयमा फिर्ता गरिनुपर्छ
(17c हेर्नुहोस्) ।

_____ भर्मोन्टको कानुनअनुसार भरेको प्रमाणपत्रलाई फाइलिङ गरेर राख्नका लागि जारी गर्ने नगरको क्लर्कलाई **10 दिनभित्र** फिर्ता गर्नुपर्छ । **प्रमाणपत्रलाई दोबारेर नराख्नुहोस् । प्रमापत्रण दम्पतिनीलाई नदिनुहोस् ।**

*अक्टोबर 20, 2021 मा अद्यावधिक गरिएको*